# पाखीबास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
कृषि विकाश शाखा
पाखीबास, धनकुटा
२०७३
१ नं. प्रदेश, नेपाल


पत्र संख्या:-२०८०/०८१ मिति:-२०८०/१२/२१

च.नं.

## प्रस्ताव आव्हान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८०/१२/२१**

**आवेदन पेश गर्ने अन्तिम मिति २०८०/१२/२७**

प्रस्तुत सम्बन्धमा पाख्रीबास नगरपालिकाको कार्यालय कृषि विकास शाखाको आ.व.२०८०/०८१ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार ८५ प्रतिशत मूल्य अनुदानमा कृषि सामाग्री, औजार यान्त्रिकरण ( मिनिटेलर हातेट्याक्कटर ) वितरण कार्यक्रम सञ्चालन गर्न पाख्रीबास नगरपालिका वडा नं. १, २, ३, ४, ५ का कृषक समूह/ कृषि सहकारी संस्था लि./जल उपभोक्ता समिति / कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले सात (७) औं दिनको कार्यालय समय भित्र निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरु छनौटका लागि समावेश हुन नसक्ने ब्यहोरा समेत यसै सूचना द्धारा जानकारी गराईन्छ।

थप जानकारीको लागि पाख्रीबास नगरपालिका कृषि विकास शाखाको सम्पर्क नं. ९८६२८४१०१६, ९८००९०७३४८ कृषि शाखा प्रमुख ईन्द्र माया तामाङ संग जानकारी लिन सक्नुहुनेछ।

**सञ्चालन गरिने कार्यक्रम:**

| क्र. सं. | कार्यक्रम विवरण | ईकाइ | परिमाण | दर | जम्मा बजेट | कार्यालयले ब्यहोर्ने (८५प्रतिशत) | कृषकले ब्यहोर्ने (१५ प्रतिशत) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ( | **Minitiller 7 HP diesel** | संख्या | ६ | ७०,०००। | ४,२०,०००। | ३,५७,०००। | ६३०००। | वडा नं. १, २, ३, ४, ५, |

**प्रस्तावसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु:**

१. कृषक समूह/ कृषि सहकारी संस्था लि./जल उपभोक्ता समितिको हकमा निर्णयको प्रतिलिपि र निवेदन।

२. कृषक समूह/ कृषि सहकारी संस्था लि./जल उपभोक्ता समितिहरुको हकमा दर्ता/नविकरण प्रमाण -पत्रको प्रतिलिपि।

३. कृषक समूह/ कृषि सहकारी संस्था लि./जल उपभोक्ता समितिहरुको PAN / VAT प्रमाण -पत्रको प्रतिलिपि।

४. कृषक समूह/ कृषि सहकारी संस्था लि. को हकमा आ.व. २०७९/०८० को लेखा परिक्षणको प्रतिलिपि।

५. कृषक समूह/ कृषि सहकारी संस्था लि./जल उपभोक्ता समिति/ कृषि फर्मको हकमा आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण - पत्रको प्रतिलिपि।

६. कृषक समूह/ कृषि सहकारी संस्था लि./जल उपभोक्ता समिति/ कृषि फर्मको हकमा आफ्नो बैंक खाताको विवरण/चेक बुकको स्पष्ट बुझिने प्रतिलिपि।

७. नेपाली नागरिकताको प्रमाण -पत्रको प्रतिलिपि।

८. जग्गा धनीपुर्जा प्रमाण -पत्रको प्रतिलिपि /जग्गा करारमा लिएको भए सम्बन्धित तरकारी र खाधन्न बालीको लागि न्युनतम पाँच बर्ष र फलफूल बालीको लागि न्युनतम पन्ध्र बर्ष अवधिको वडा कार्यालयको रोहबरमा गरिएको करार सम्झौता पत्रको प्रतिलिपि।

९. वडा कार्यालयको सिफारिस पत्र ( सिफारिस पत्रमा सोही प्रकृतिको अनुदान स्थानिय तहबाट लिए नलिएको खुलाउनु पर्नेछ)

१०. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य कुनै पनि निकायबाट अनुदान नलिएको र नलिने स्वःघोषणा पत्र पेश गर्नु पर्नेछ।

नोट,

आवेदकहरुले चालु आर्थिक बर्ष र विगतका पछिल्ला ३ आर्थिक बर्षहरुमा विभिन्न सरकारी निकाय/कार्यालयहरु कृषि ज्ञान केन्द्र/ वडा कार्यालयहरुबाट यसै कार्यका लागि अनुदान प्राप्त गरेको देखिएमा उक्त आवेदकहरुको प्रस्तावना र आवेदन दर्ता नहुने साथै सम्झौता भई कार्यक्रम कार्यन्वयनको जुन सुकै चरणमा अनुदान प्राप्त गरेको देखिन आएमा उक्त सम्झौता रद्द गरिने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

खगेन्द्र प्रसाद
प्रमुख प्रशासकीय अधिकृत
उप सचिव